आज मिति २०८२ साल श्रवाण महिना १४ गते बुधवारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको पहिलो वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| श्री रुद बाहादुर क्षेत्री | सदस्य | का. वडा अध्यक्ष ९ |
| श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति

| | | |
|---|---|---|
| श्री सन्दिप पौडेल | | उप-सचिव |
| श्री अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| श्री सुर्य प्रसाद पौडेल | | प्रशासकीय अधिकृत |

प्रमाणित

आर्थिक वर्ष २०८२/०८३ को पहिलो नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः

मितिः २०८२/०४/१४

१) आ.व. ०८२/०८३ को स्थानिय दररेट निधारण सम्बन्धमा,

२) प्रधानमन्त्री रोजगार कार्यक्रम (सशर्त अनुदान) तर्फ सञ्चालन हुने योजना सम्बन्धमा,

३) आ.व. ०८२/०८३ को स्थानीय उत्पादन शुल्क र विज्ञापन करको ठेक्का सम्बन्धमा,

४) भिमाद नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) सम्बन्धमा,

५) सडक बालबालिका मुक्त नगरपालिका घोषणा गर्ने सम्बन्धमा,

६) सिस्नेरी घाट र तल्लो गेरुवा घाटको IEE गरी ठेक्का लगाउने सम्बन्धमा,

७) कृषि उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यविधि निर्माण सम्बन्धमा,

८) विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला दररेट निधारण समिति तनहुँबाट आ. व. २०८२/०८३ को लागि स्वीकृत दररेटलाई यस नगरपालिकाको दररेटको कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम (सशर्त अनुदान) तर्फ सञ्चालन हुने योजनाहरुको सम्बन्धमा प्राविधिक प्रतिवेदनको आधारमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय उत्पादन तर्फको आय ठेक्का आव्हान गर्ने सम्बन्धमा पछिल्लो तीन आर्थिक वर्षमा रु ५५,००,०००।-(अक्षरेपी पचपन्न लाख) मा आय ठेक्का आव्हान गरिएकोमा तिनै आर्थिक वर्षमा ठेक्का नलागेको साथै ठेक्का आव्हान गर्दा यस आ.ब.मा पनि ठेक्का लाग्ने संभावना अत्यन्त न्यून भएको देखिएकोले राजश्व परामर्श समितिको निर्णय बमोजिम चालु आ.व. ०८२/०८३ मा नगरपालिकाका नगर प्रहरी परिचालन गरी उक्त स्थानीय उत्पादन शुल्क संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न आवश्यक भएकोले प्रमुख प्रशासकीय अधिकृतको संयोकत्वमा तपसिल बमोजिमको सदस्यहरु रहने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने र उक्त समितिलाई २०८२।०६।३१ भित्र प्रतिवेदन पेश गर्न कार्यसीमा तोक्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| प्रशाकिय अधिकृत भेष बहादुर जिटी | सदस्य सचिव |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राष्ट्रिय बाल अधिकार परिषदको चं. नं. १७३०, मिति २०८२।०१।०२ को पत्रानुसार प्रत्येक स्थानीय तहलाई सडक बालबालि मुक्त घोषणा गर्नु भनी लेखी आएकोले यस नगरपालिकाका ९ वटै वडालाई सडक बालबालिका मुक्त भए नभएको सम्बन्धमा लेखी पठाएकोमा सवै वडा कार्यालयबाट सडक बालबालिका मुक्त रहेको सिफारिस भई आएकोले यस भिमाद नगरपालिकालाई सडक बालबालिका मुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद वडा नं. ५ मा पर्ने गेरुवा (तल्लो र माथिल्लो) घाट, दब्याङ्क, झकास, कादरकुना, वडा नं. ८ मा पर्ने कसेनी घाट र वडा नं. ७ स्थित सिस्नेरी घाटको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी उक्त घाटहरुमा ठेक्का लगाउने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.ब. को दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम र कृषि जन्यउपजको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि आवश्यक भएकाले सो सम्बन्धी कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सौद्धान्तिक सहमति दिने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट समावेश गरिएको आ.व.०८२/०८३ को वार्षिक नगर विकास योजना मिति २०८२/०४/१५ सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद प्रथामिक स्वास्थ्य केन्द्र भिमाद ६ मा मेडिकल अधिकृतको एक मात्र दरवन्दी रहेको र उक्त स्वास्थ्य केन्द्रमा छात्रवृत्ति करारमा दुई जना मेडिकल अधिकृत समेतबाट सेवा प्रवाह गरि आएकोमा दुवै जना मेडिकल अधिकृतहरुको करार समाप्त भई जानु भएको र उक्त स्वास्थ्य केन्द्रमा विरामीको चाप उच्च भएकोले एक जना मेडिकल अधिकृतबाट मात्रै सेवा प्रवाह गर्न नसकिने भएकाले एक जना मेडिकल अधिकृत नगरपालिकाको आन्तरिक स्रोतबाट र एक जना भिमाद प्रथामिक स्वास्थ्य केन्द्रको स्रोतबाट व्यायभार गर्ने गरी दुई जना मेडिकल अधिकृत करार भर्ना गर्ने गरी सूचना प्रकाशन गर्ने नगर प्रमुखस्तरमा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. ८ माथी छलफल गर्दा भिमाद नगर कार्यपालिकाको कार्यालय र मातहतका स्वास्थ्य संस्थाहरुमा रिक्त तपसिल बमोजिमका पदहरुमा करार सेवामा भर्ना गर्ने निर्णय गरियो ।

तपसिल

| क स | पद | सेवा/समूह | रिक्त संख्या |
|---|---|---|---|
| १ | एम.आई. एस. फिल्ड साहायक | | १ |
| २ | रेडियोग्राफर | | १ |
| ३ | अ.न.मी. | | २ |

| | | | |
|---|---|---|---|
| ४ | अ.हे.ब. | | २ |

**निर्णय नं. ११**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गत आ व को यस नगरपालिकाको वडा नं. ६ सिसौघारीमा बालउधान खुल्ला व्यायामशाला केही सागुरो हुन गई सोको चौडाई बढाउन आवश्यक भएकोले आ. व. ०८२/०८३ को नगर विकास योजनको सि.नं. १०९ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकवाट उक्त थप कार्य गर्ने प्राविधक लागत अनुमान बमोजिम १,६०,०००।- (एक लाख साठी हजार) विनियोजन गरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा तपसिलमा उल्लेखित विषयहरुको सम्वन्धमा व्यवस्थापन गर्न कार्यविधि आवश्यक भएकाले सो सम्बन्धमा कार्यविधि निर्माण गर्न विधेयक समितिलाई सैन्द्धान्तिक सहमती दिने निर्णय गरियो ।

क) सिद्ध गुफा लगायतका पर्यटकिय स्थानको सञ्चालन तथा व्यवस्थापन

ख) भिमाद प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन

ग) शव दाहन सञ्चालन तथा व्यवस्थापन

**निर्णय नं. १३**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आदिवासी महिला कानूनी सचेतना समूह ललितपूर नेपाललाई मिति २०८२।०२।१९ देखि २०८३।०२।१९ गते सम्म **आदिवासी महिला समुदायको सशक्तिकरणको लागि** उद्यमशिलता कार्यक्रम तथा जनचेतनामूलक तालिम संचालनको गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ९ चिहान डाँडामा स्थापना भएको भिमाद सामुदायिक भवनमा फर्निचर व्यवस्थापनको लागि आवश्यक रकम रु १,५०,०००/- अक्षेरुपी एक लाख पचास हजार भिमाद नगरपालिकाको आ.ब. २०८२/०८३ को नगर विकस योजनाको सि.न. ८२ नगरपालिका र मातहतका कार्यालयहरुका लागि फर्निचर फर्निसिङ्ग तथा फिक्चर्स खरिद शिर्षकबाट विनियोजन गरी समान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा न ९ का वडा अध्यक्ष श्री रण बहादुर थापा विरामी भई गण्डकी मेडिकल कलेज पोखरामा उपचार गरिरहनु भएको हुँदा वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।